# नारायण नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
दैलेख
**कर्णाली प्रदेश, नेपाल**
**रोजगार सेवा केन्द्र**

प.सं :२०८१/०८२ मिति : २०८२/०२/१८
च.नं. : २६६२

**कर्मचारी आवश्यकता सम्बन्धी सूचना ।**
**(पाचौ पटक प्रकाशित मिति २०८२/०२/१८ गते )**

सुरक्षित आप्रवासन (सामी) कार्यक्रम अर्न्तगत यस नारायण नगरपालिका दैलेखमा सुरक्षित बैदेशिक रोजगारी सम्वन्धि सूचना प्रवाह गर्न तथा बैदेशिक रोजगारीसंग सम्वन्धि मुद्दामा सहयोग तथा सहजीकरण, मनोसामाजिक परामर्श सेवा, सुरक्षित बैदेशिक रोजगारी सम्वन्धी सचेतीकरण कार्यक्रम सञ्चालन गर्नका लागि निम्न अनुसारको जनशक्तिको आवश्यकता परेकोले निम्न बमोजिमको योग्यता पुगेका ईच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित यस नगरपालिकाको कार्यालयमा आवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

१.बिज्ञापन न. ४- ०८१/०८२

| क.स | पद | पद सख्या | योग्यता |
|---|---|---|---|
| २ | मनोसामाजिक परामर्शकर्ता (सहायक स्तर पांचौ) | १ (एक) महिला | १.मान्यताप्रात शिक्षण संस्थाबाट हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स वा मान्यता प्राप्त विश्वबिद्यालयबाट पव्लिक हेल्थ/ नर्सिङ्ग/मनोविज्ञान/ समाजशास्त्र/ सोसिएल वर्कमा स्नातक तह, स्वास्थ्य शिक्षा ,वा जुनसुकै विषयमा पनि स्नातक तह उर्त्तिण गरेको वा पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सिलिङ्ग उर्त्तिण गरेको ।<br>२.मनोसामाजिक परामर्श सम्वन्धि ६ महिने तालिम प्राप्त गरी राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रवाट प्रमाण-पत्र भएको र सोही क्षेत्रमा काम गरेको अनुभवीलाई विशेष प्राथमिकता दिईने छ ।<br>३.दरखास्त दिने अन्तिम मितिमा २१ बर्ष पुरा भई ४५ बर्ष ननाघेको<br>४.प्रचलित कानून बमोजिम सरकारी सेवाको पदका लागि आवेदन दिन अयोग्य नभएको ।<br>५.कम्प्यूटर सम्वन्धि आधारभुत ज्ञान भएको, Word, Excel, Powerpoint मा दिईएको प्रश्नको उत्तर नेपाली वा अग्रेजी भाषामा उल्लेख गर्नुपर्ने छ ।<br>७. नेपाली र अग्रेजी दुबै भाषामा वोल्न तथा प्रतिबेदन तयार गर्ने सक्ने । |

**कार्यअवधि:** हाललाई २०८२ असार मसान्त सम्म, कार्यक्रमको आवश्यकता तथा कार्य सम्पादन/मुल्यांकनका आधारमा नवीकरण हुन सक्नेछ ।

**परीक्षाको किसिम** : लिखित, प्रयोगात्मक र अन्तरवार्ता ।

**दरखास्त दिने अन्तिम मितिः**२०८२/०२/२४

**आवेदन दस्तुर** रु. ७००।-

**तलब तथा अन्य सुविधा** : कार्यक्रमको नियमानुसार ।

२०८२/२/१८
प्रमुख प्रशासकीय अधिकृत

# नारायण नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

दैलेख

कर्णाली प्रदेश, नेपाल

रोजगार सेवा केन्द्र

प.सं :२०८१/०८२ मिति : २०८२/०२/१८

च.नं. २६६३

**आवश्यक कागजातहरु** :माथि उल्लेखित योग्यता पुगेका ईच्छुक नेपाली नागरिकले नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी, अनुभवको प्रमाणपत्रको प्रतिलिपी र पासपोर्ट साईजको फोटो एक प्रति साथै आफुले आवेदन दिन चाहेको पद प्रष्ट रुपमा खुलाई निवेदन सहित नगरपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ । तोकिएको समयभन्दा पछि आएका आवेदनहरुलाई छनौट प्रक्रियामा समावेश गरिने छैन ।

**छनोट प्रक्रिया :** प्रारम्भिक छनोटमा परेका उम्मेद्धारहरुलाई मात्र लिखित, अर्न्तबार्ता र प्रयोगात्मक परीक्षामा समावेश गरिनेछ । प्रत्येक पदमा अवसरबाट बञ्चितीकरणमा परेका समुदायहरु खासगरी महिला, दलित, जनजाति, अल्पसंख्यक वर्गका उम्मेदवारहरुको समावेशीकरणको लागि सकारात्मक विभेदको प्रकृया अवलम्बन गरिने छ ।

**दरखास्त दिने अन्तिम मिति :** २०८२/०२/२४ गतेका दिन कार्यालय समय भित्र बुझाउन सकिनेछ । आवेदन बुझाउने अन्तिम मितिको दिन सार्वजनिक बिदा परेमा बिदाको भोलिपल्ट पनि निवेदन बुझाउन सकिने छ ।

२०८२/२/१८

.................

रेशम बहादुर बुढा

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत